नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७६/७

च.नं. : १८८

मिति : २०७६/०८/१६

श्री जिल्ला समन्वय समितिहरु,

गरिबी निवारण कोषद्धारा कार्यक्रम सञ्चालन भएका जिल्लाहरु ।

विषयः गरिबी निवारण कोषद्धारा प्रवर्धित सामुदायिक संस्था तथा साना पूर्वाधार आयोजनाको अनुगमन एवं समन्वय सम्बन्धमा ।

प्रस्तुत विषयमा गरिबी निवारण कोषको प.स. ०७६/७७ च.नं. ६९ मिति २०७६/०८/१० को पत्रबाट सामुदायिक संस्थाहरुको प्रभावकारी सञ्चालन र व्यवस्थापन भए नभएको सम्बन्भमा अनुगमन एवं आवश्यक समन्वय र सहजीकरण गर्नका लागि पत्राचार गरिदिने सम्बन्धको प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा संलग्न पत्रबाट अवगत गर्नुभई आवश्यक समन्वय र सहयोग गर्नुहुन आदेशानुसार अनुरोध छ ।

२०७६/८/१६

(राज कुमार बोहरा)

शाखा अधिकृत

**वोधार्थ :**

श्री गरिबी निवारण कोष ।

श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

गरीबी निवारण कोष
नेपाल
२०६०

# गरीबी निवारण कोष

(गरीबी निवारण कोष अध्यादेश २०६० र ऐन २०६३ अनुसार स्थापित)

फोन : ४४१००४१
फ्याक्स : ४४४२४५०
पो.ब.नं. :९९८५
इ-मेल : info@pafnepal.org.np
वेब : www.pafnepal.org.np
ज्ञानेश्वर, काठमाण्डौं
नेपाल ।


च. नं. : ६९-०७६/७७
पत्र सङ्ख्या :

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ३८८
मिति:- ०७६/०८/१६

मिति: २०७६/०८/१०

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)
सिंहदरबार, काठमाडौं ।

विषय: गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पूर्वाधार आयोजनाको अनुगमन एवं समन्वय सम्बन्धमा ।

आर्थिक रुपमा विपन्न तथा बञ्चितिमा परेका वर्ग र समुदायलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी गरिबी निवारणमा योगदान पुऱ्याउने उद्देश्यले वि.सं. २०६० सालदेखि शुरु भएको गरिबी निवारण कोष कार्यक्रम ६४ जिल्लाका ५५१ वटा स्थानीय तहमा संचालन हुँदै आएको छ । कोषका कार्यक्रमहरु संचालनका लागि सुरुदेखी नै विश्व बैंकले सहयोग गर्दै आएकोमा सहायताको अवधि ३१ डिसेम्बर २०१८ देखि सम्पन्न भइसकेको र कार्यक्रम संचालनका लागि गत वर्षदेखि जिल्लाहरुमा सहयोगी संस्था तथा कार्य प्रवन्धकहरु समेत कार्यरत रहेका छैनन् । यो कार्यक्रम मार्फत ३२,२७६ वटा सामुदायिक संस्थाहरु तथा ५,६६१ वटा साना पूर्वाधार विकास आयोजनाहरु सञ्चालन भई लक्षित समुदायको क्षमता विकास, रोजगारी सिर्जना, आयआर्जन र सामाजिक परिचालनको क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल भएको व्यहोरा अनुरोध छ ।

सम्माननीय प्रधानमन्त्री एवं गरिबी निवारण कोष सञ्चालक समितिका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५।१२।२४ मा बसेको ७० औं बोर्ड बैठकबाट त्यस्ता सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजनाहरुको व्यवस्थापन सम्बन्धित स्थानीय तहबाटै गर्ने निर्णय भएको थियो । साथै उक्त बैठकले गरिबी निवारण कोषबाट प्रवर्द्धित सामुदायिक संस्थाहरूको तथ्यगत विवरण सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने र त्यस्ता संस्थाहरुको व्यवस्थापनका लागि मार्गदर्शन समेत स्वीकृत गरेको थियो । सोही निर्णय अनुसार कार्यक्रम हस्तान्तरणको लागि तहाँको च.नं. ६३०/२०७५/७६, मिति २०७६/०२/२४ को पत्रमार्फत् सम्बन्धित स्थानीय तहलाई आवश्यक विवरण सहित पत्राचार भईसकेको व्यहोरा समेत स्मरण गराउन चाहन्छु।

यसै सिलसिलामा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी यस्ता सामुदायिक संस्थाहरुको प्रभावकारी सञ्चालन र व्यवस्थापन भए नभएको सम्बन्धमा अनुगमन एवं आवश्यक समन्वय र सहजीकरण गर्नका लागि यसैसाथ संलग्न जिल्ला समन्वय समितिहरुलाई तहाँबाट पत्राचार गरिदिनुहुन गरिबी निवारण कोषको मिति २०७६/०८/१० को उपाध्यक्षस्तरीय निर्णयानुसार अनुरोध गर्दछु।

(छवि रिजाल)
कार्यकारी निर्देशक
सह-सचिव, नेपाल सरकार

**बोधार्थ:**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।

# गरिबी निवारण कोषद्वारा कार्यक्रम संचालन गरिएका जिल्लाको विवरण

| प्रदेश नं.१ | प्रदेश नं.२ | प्रदेश नं.३ | गण्डकी प्रदेश | प्रदेश नं.५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | सप्तरी | सिन्धुली | गोरखा | गुल्मी | जाजरकोट | बाजुरा |
| पांचथर | सिराहा | रामेछाप | लमजुंग | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम ) | डोल्पा | बझांग |
| मोरङ | धनुषा | दोलखा | म्याग्दी | रुपन्देही | जुम्ला | अछाम |
| सुनसरी | महोत्तरी | सिन्धुपाल्चोक | नवलपरासी (बर्दघाट सुस्ता पूर्व ) | कपिलवस्तु | कालीकोट | डोटी |
| तेह्रथुम | सर्लाही | काभ्रेपलाञ्चोक | | अर्घाखाँची | मुगु | कैलाली |
| भोजपुर | रौतहट | काठमाडौँ | | प्युठान | हुम्ला | कंचनपुर |
| सोलुखुम्बु | बारा | ललितपुर | | ~~रोल्ला~~ रोल्पा | सल्यान | डडेलधुरा |
| ओखलढुंगा | पर्सा | रसुवा | | रुकुम (पुर्वी भाग) | रुकुम (पश्चिम भाग) | बैतडी |
| खोटाङ | ~~सिन्धुली~~ | नुवाकोट | | दाङ | सुर्खेत | दार्चुला |
| उदयपुर | | धादिंग | | बाँकि | दैलेख | |
| | | मकवानपुर | | बर्दिया | | |
| | | चितवन | | | | |